TRANSPARENCY INTERNATIONAL NEPAL
Coalition against corruption
ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल

www.tinepal.org tinepal
जि.प्र.का. काठमाडौं दर्ता नं. ८७/०५३/०५४
समाज कल्याण परिषद् आ. नं. १४०११

House No. 57/62, Chakubaku Marg, New Baneshwor, Kathmandu, Nepal.
P.O. Box: 11486, Tel: +977 1 4575062, 4575262, Fax: +977 1 4575112
E-mail: trans@tinepal.org

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
TRANSPARENCY INTERNATIONAL NEPAL
भ्रष्टाचार विरुद्धको सहकार्य The Coalition Against Corruption

२०८१ जेठ १०

# प्रेस विज्ञप्ति

भ्रष्टाचार, जालसाजी, सार्वजनिक सम्पत्ति र रकमको अपचलन लगायत गम्भीर आपराधिक मामिलाहरू राजनीतिक स्वार्थ र लेनदेनका आधारमा दबाउने, कारवाही नै प्रारम्भ नगर्ने, छानबीन नै हुन नदिने, मुद्दा नै नचलाउने, शक्तिको केन्द्रमा रहेका जिम्मेदार व्यक्तिहरूलाई छानबीनको घेराबाटै बाहिर राख्ने, चलिरहेको छानबीन नै रोक्ने, साथै अदालतले दोषी ठहर गरेकाहरूलाई समेत सजायबाट उन्मुक्ति दिने जस्ता घटना र प्रवृत्ति निरन्तर बढ्दै गएको देखिएकोमा ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल गहन चिन्ता व्यक्त गर्दछ । सत्ता र शक्तिमा पहुँचका आधारमा कसैलाई अपराधबाट उन्मुक्ति दिने तानाबाना बुन्नु जति अनुचित हो, स्वार्थको द्वन्द्व, रिसइबी वा बदलाको भावनाले कुनै पनि नागरिक विरुद्ध राज्यशक्तिको दुरुपयोग गर्नु पनि उत्तिकै अनुचित हो । देशमा कसैले कुनै पनि बहानामा कानूनी प्रक्रियाबाट उन्मुक्ति पाउनु हुँदैन र सबै नागरिकले संविधान तथा कानूनले प्रत्याभूत गरेको संरक्षण पनि पाउनुपर्छ । अन्यथा दण्डहीनताले प्रश्रय पाउनुका साथै कानूनी राजको उपहास हुने र सुशासन जरैदेखि कमजोर भएर मुलुक गम्भीर असहजतातर्फ उन्मुख हुने कटुसत्यतर्फ ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल जिम्मेदार पक्षको ध्यान आकर्षित गर्न चाहन्छ ।

पद्मिनी प्रधानाङ्ग
अध्यक्ष